**मिति २०८२ साल आश्विन ३० गते सैनामैना नगर कार्यपालिका बैठकका निर्णयहरु**

सैनामैना नगरकार्यपालिकाको कार्यालय
मुडबरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

### निर्णय नं. १

सैनामैना नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणका लागि **स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका** बमोजिम देहाय बमोजिमको प्राविधिक कार्यदल गठन गर्ने निर्णय गरियो ।

**देहाय**

संयोजक- उपसचिव (शिक्षा), सैनामैना नगरपालिका
सदस्य - रविन्द्र क्षत्री, सैनामैना २ (विज्ञ)
सदस्य - दिनेश पन्थी, सैनामैना ५ (विज्ञ)
सदस्य - लक्ष्मी आचार्य पौडेल, सैनामैना ४ (विज्ञ)
सदस्य - अर्जुन प्रसाद पोखरेल, प्र.अ. जनकल्याण मा.वि.
सदस्य - नेत्रलाल पुरी, प्र.अ. सैनामैना मा.वि.
सदस्य - प्रतिनिधी, संस्थागत विद्यालय
सदस्य - राधा बेल्वासे, शिक्षा अधिकृत
सदस्य सचिव -यमलाल खनाल, सहायक शिक्षा अधिकृत

समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ । सम्वत् २०८२ साल फाल्गुण मसान्त महिना भित्र पाठ्यक्रमको मस्यौदा तयार गरी पेश गर्नुपर्नेछ । आवश्यकतानुसार समितिले थप विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । समितिका पदाधिकारीहरुलाई दैनिक रुपमा .काम गरे बापत बैठकभत्ता सरहको सुविधा उपलब्ध गराइनेछ । अन्य व्यवस्थापन शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

### निर्णय नं. २

सैनामैना नगरपालिका वडा नं. ९ मा उपभोक्ता समिति मार्फत फोहरमैला पुर्ने कार्य गर्न मिति२०८२ सालभाद्र १८ मा नगरप्रमुख स्तरीय निर्णय बमोजिम कार्यादेश दिइएकोमा सोको सर्मथन/अनुमोदन गर्ने निर्णय गरियो

### निर्णय नं. ३

चालु आ.ब. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार वडा नं. ११ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्यका लागि रु.३९ लाख विनियोजन भएको । सो कार्यका लागि लागत अनुमान तयार गर्दा रु.४४,४३,५००।- लाग्ने देखिएको । विनियोजन भएको रकमबाट मात्र कार्य अगाडि बढाउँदा सो योजना अधुरो भइ कार्यान्वयनमा आउन नसकिने अवस्था सिर्जना हुने देखिएकोले कुल लागत अनुमान बमोजिम नै योजना कार्यान्वयनका लागि स्वीकृती दिने । त्यसको लागि अपुग हुने रकम समपुरक कोष वा आर्थिक बर्षको अन्त्यमा बचत हुने कुनै उपयुक्त शीर्षकबाट स्रोत सुनिश्चितता हुने गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुर्गिया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## मिति २०८२ साल आश्विन ३० गते सैनामैना नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ४

चालु अ.व. मामहिलासँग उपप्रमुख कार्यक्रमको लागि विनियोजन भएको रकम अनुसार कार्यक्रम कार्यान्वयनका लागि महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ बमोजिम देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- उप्रमुख, सैनामैना नगरपालिका

सदस्य - झुमा काउचा दर्लामी

सदस्य - धनमन्त्री थारु

सदस्य - सुमित्रा परियार

सदस्य - गिता विश्वकर्मा

सदस्य - जमुना पुन सुनार

सदस्य सचिव - महिला तथा वालबालिका शाखाप्रमुख

### निर्णय नं. ५

लुम्बिनी तिनााउ सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, सैनामैना ८ रुपन्देहीले आयोजना गरेको पुस्तकालय दिवस मनाउने कार्यक्रममा भएको खर्च मध्ये रु. ३०,०००। सामाजिक सहायता शीर्षकमा विनियोजन भएको रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ६

सम्वत् २०८२ सालको दिपावली तथा छठ पर्वको अवसरमा सबै नगरबासीहरुमा हार्दिक मंगलमय शुभकामना प्रकट गर्ने निर्णय गरियो ।

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत